# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५

## को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७९ कार्तिक देखि २०७९ पुष मसान्त सम्म

## आ.व २०७९/८०

## यस कार्यालयबाट सम्पादित मुख्य क्रियाकलापहरु को विवरण

कृषि ज्ञान केन्द्र झापा

फोन नं. ०२३ ४५२०५६

akcjhapa@gmail.com

www.jhapa.akc.gov.np

Scanned with CamScanner


# कृषि ज्ञान केन्द्र

## झापा



श्री सागर बिष्ट

निमित्त कार्यालय प्रमुख



श्री गणेश शिवाकोटी

सूचना अधिकारी

Scanned with CamScanner

## १. कार्यालयको परिचय स्वरुप र प्रकृति

संघिय नेपालको वर्तमान राजनैतिक संरचनामा तीन तहको सरकार (सघं, प्रदेश र स्थानिय तह) कार्यन्यवनमा रहेका छन । यी तिनै तहका सरकारले आफ्नो निति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेका छन । तीन वटै सरकारका आ-आफ्नै कृषि विकासका योजना र कार्यक्रम रहेका छन ।

यसै अनुरुप प्रदेश नं- १ सरकारको मातहतमा रहने गरी सरकारले साबिकको जिल्ला कृषि विकास कार्यालयलाई प्रतिस्थापन गरी वि.स. २०७५ सालमा बिल्कुलै नयाँ संरचनामा आधारित कृषि ज्ञान केन्द्रको स्थापना गर्ने निर्णय गर्यो । सोही अन्तर्गत प्रदेश-१ सरकारको मातहतमा रहने गरी कृषि ज्ञान केन्द्र, झापाको स्थापना भएको हो । यस कृषि ज्ञान केन्द्रको, साबिकको जिल्ला कृषि विकास कार्यालयको भन्दा फरक सांगठनिक संरचना र कार्य विवरण रहेको छ । झापा जिल्ला कार्य क्षेत्र रहेको यस ज्ञान केन्द्रको कार्यालय झापा सदरमुकाम (भद्रपुर नगरपालिका वडा नं- ८) मा रहेको छ । यस कार्यालयले मुख्य गरी प्रदेश मन्त्रालय मार्फत संचालन हुने कृषि विकासका विभिन्न कार्यक्रम तथा आयोजनाहरु संचालन गर्ने गरेको छ ।

## २. कार्यालयको उद्धेश्य

### २.१ अल्पकालिन उदेश्य

- स्थानिय समस्यामा आधारित स-साना अध्यन परिक्षण तथा भ्यालिडेशन (प्रमाणिकरण) परिक्षण संचालन गर्ने ।
- नविनतम कृषि प्रविधिहरु किसान समक्ष प्रसार भ्यालिडेशन परीक्षण सन्चालन गर्ने ।
- माटो तथा मल, बाली संरक्षण र बीउ विजन परिक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा संचालन गर्ने ।
- स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्वद्दन र प्रवद्दन गर्ने ।
- स्थानिय तहको क्षमताले सम्पादन गर्न नसक्ने प्रकृतीका विषेशज्ञ प्राविधिक सेवा प्रदान गर्ने।
- प्रादेशिक तथा संघिय कृषि विकासका कार्यक्रमहरुलाई आम किसान समक्ष पुर्याउने ।
- व्यवसाय विकास सेवा उपलव्ध गराउने ।

### २.२ दिर्घकालिन उदेश्य

- खाद्य वस्तुको आन्तरिक माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्व बढाउने ।
- निर्वाहमूखी र परम्परागत कृषि पद्धतिलाई परिवर्तन गरी व्यवसायिक, प्रतिस्पर्धात्मक र आधुनिकिकरण तर्फ उन्मूख गराउने ।
- भौगोलिक क्षेत्र अनुसार तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा एकीकृत कृषि विकासका कार्यक्रमहरु संचालन गरी ग्रामिण गरिबी निवारण मार्फत किसानहरुको जिवनस्तरमा सुधार ल्याउने ।
- राष्ट्रिय कृषि निति-२०६१, कृषि विकास रणनिति (२०१५-२०३५), पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) र प्रदेश-१ को प्रथम आवधिक योजना (२०७६/७७- २०८०/८१) को आधार पत्रमा उल्लेख गरिएका कृषि विकासका लक्ष्य हासिल गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

Scanned with CamScanner

## ३. कार्यालयमा रहेका कर्मचारी को विवरण

यस कार्यालयमा जम्मा १९ जना कर्मचारीको दर्बन्धी रहेको छ। तोकिएको शाखा अनुसार कर्मचारीको कार्य विवरण निम्न अनुसार रहेको छ।

| क.स | शाखा | पद | तह | कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | तालिम तथा प्रसार शाखा | कृषि प्रसार अधिकृत-१ | ७/८ | तालिम संचालन तथा सहजिकरण | |
| | | प्रविधिक सहायक-१ | ५/६ | | |
| २ | प्रशासन फाँट | सहायक /अधिकृत-१ | ५/६ | कार्यालयमा भई परि आउने सम्पुर्ण प्रशासकिय कामकाजहरु | |
| | | लेखापाल /अधिकृत-१ | ५/६ | कार्यालयको आर्थिक प्रशासनका कामकाजहरु | |
| | | ह.स.चा-१ | श्रे.वि | | |
| | | हे.स.चा-१ | श्रे.वि | | |
| | | का.स-३ | श्रे.वि | | |
| ३ | विशेषज्ञ सेवा शाखा | वागवानी विकास अधिकृत-१ | ७/८ | फिल्डअनुगमन,प्रतिवेदन यार,लाभग्राही छनौट तथा प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | |
| | | बाली संरक्षण अधिकृत-१ | ७/८ | | |
| | | बाली विकास अधिकृत-१ | ७/८ | | |
| | | प्रविधिक सहायक-१ | ५/६ | | |
| ४ | अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा | कृषि अर्थ विज्ञ-१ | ७/८ | कार्यालयको प्रगति प्रतिवेदन तयार गरि समबन्धित निकायलाई पेश गरिएको , कार्यालयमा भई परि आउने विभिन्न कृषि समबन्धिको कृषकहरु को समस्या समाधान। | |
| | | प्रविधिक सहायक -१ | ५/६ | | |
| ५ | माटो तथा मल परिक्षण प्रयोगशाला शाखा | माटो विज्ञ-१ | ७/८ | विभिन्न कृषकहरु को माटोकोनमुनाजाँच गरि रिपोट तयार | |
| | | प्रविधिक सहायक-१ | ५/६ | | |
| | | ना.प्रा.स-१ | ४/५ | | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा

### क) तालिम तथा प्रसार शाखा

• कृषि सम्बन्धि संचालन हुने विभिन्न कृषक उपयोगी तालिम संचालन तथा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरीबाट आयोजना हुने विभिन्न तालिमहरु का लागि यस जिल्लाबाट कृषक छनौट गरि सिफारिस गरिन्छ।

सागर वि...
निमित्त प्रमुख

Scanned with CamScanner

• कृषकका माग अनुसारका विभिन्न तालिमहरु का लागि सहजिकरण कार्य यस शाखाले गर्ने गरेको छ । यसका लागि सम्बन्धित कृषकले रु १० को हुलाक टिकट टाँस गरि निवेदन दिनु पर्ने छ ।

**ख)प्रशासन फाँट :**

- कार्यालयको दैनिक भई परि आउने कार्यहरु यस फाँटबाट उपलब्ध हुने गर्दछ ।

**ग) विशेषज्ञ सेवा शाखा :**

- यस शाखाबाट मुख्य गरि संघिय तथा प्रदेशबाट स्विकृत कार्यक्रमहरु को संचालन हुने गर्दछ ।
- यस कार्यका लागि प्रस्ताव आव्हानका लागि कार्यालयले सूचना प्रकाशित गरि प्राप्त भएका प्रस्तावहरु मा फिल्डअनुगमन,प्रतिवेदन तयार,लाभग्राही छनौट कार्य गर्नेछ ।
- प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान गर्ने यस शाखाको मुख्य कार्य हो ।
- यस शाखामा वागवानी विकास अधिकृत ,बाली संरक्षण अधिकृत, बाली विकास अधिकृत र प्रबिधिक सहायक गरि जम्मा ४ जना प्राबिधिक कर्मचारीहरु को दर्बन्धी रहेको छ ।

**घ) अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा:**

- यस शाखाबाट मुख्य गरिकृषि संग सम्बन्धित बिभिन्न अध्ययन, प्रविधि परिक्षण तथा कृषि तथ्यांकसंग सम्वन्धित कार्यक्रमहरु को संचालन हुने गर्दछ ।

**ङ) माटो तथा मल प्ररिक्षण प्रयोगशाला शाखा**

- यस शाखाबाट माटो तथा मल परिक्षिण सेवा कृषकहरु लाई उपलब्ध गराईन्छ । माटोको अम्लियपना तथा क्षारियपना परिक्षण गरि कृषकहरु लाई आवश्यक सल्लाह सूझापहरु उपलब्ध गराईन्छ।
- माटोलाई आवश्यक पर्ने विभिन्न मुख्य, सहायक तथा सुक्षम तत्वहरु को माटोमा भएको उपलब्धता समेत यस शाखाबाट परिक्षण गरिन्छ।

## ५. कार्यालयको शाखा र जिम्मेवार अधिकारी

| क्र.स | शाखा | पद | तह | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | तालिम तथा प्रसार शाखा | कृषि प्रसार अधिकृत | ७/८ | गणेश शिवाकोटी | |
| | | प्रविधिक सहायक, कृ.प्र.अ | ५/६ | चेतराज भण्डारी | |
| २ | प्रशासन फाँट | सहायक /अधिकृत | ५/६ | गणेश बुढाथोकी | |
| | | लेखापाल /अधिकृत | ५/६ | भिष्म रिजाल | |
| | | ह.स.चा | श्रे.वि | बाबुराम प्रधान | |
| | | का.स(३ जना) | श्रे.वि | मिन बहादुर बिष्ट | |
| | | | | चेकमाया लाबती | |
| | | | | तिलक नारायण गणेश | |
| ३ | विशेपज्ञ सेवा शाखा | वागवानी विकास अधिकृत | ७/८ | अंकित भट्टराई | |
| | | बाली संरक्षण अधिकृत | ७/८ | | |
| | | बाली विकास अधिकृत | ७/८ | | |
| | | बाली संरक्षण अधिकृत | ५/६ | अन्जु आचार्य | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रविधिक सहायक | ५/६ | सुमिता दाहाल | |
| ४ | अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा | कृषि अर्थ विज्ञ | ७/८ | | |
| | | प्रविधिक सहायक | ५/६ | | |
| ५ | माटो तथा मल प्रशसक्षण प्रयोगशाला शाखा | माटो विज्ञ | | | |
| | | प्रविधिक सहायक | ५/६ | अन्जु बुढाथोकी | |
| | | ना.प्रा.स | ४/५ | | |
| | | ह.स.चा | श्रे.वि | कुमार राई | |
| | | का.स | श्रे.वि | | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क. स. | सेवाको प्रकार | सेवाग्राहीले पुरा गर्नु पर्ने प्रकृया र पेश गर्नु पर्ने कागजातहरु | सेवाप्राप्त गर्न लाग्ने समय | सेवाप्राप्त गर्न लाग्ने शुल्क/दस्तुर (रु) | जिम्मेवार कर्मचारी /शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक सेवा,सल्लाहातथा समस्यानिदान | निवेदन/मौखिक/टेलिफोन | समस्याको प्रकृतिअनुसार | निःशुल्क | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| २. | कृषि शैक्षिककार्याक्रम( प्रदशनउन्नततालिम,गोष्ठी , शिविर तथा भ्रमण आदी) | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | निःशुल्क | तालिमतथा प्रसार शाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ३. | प्रदेशस्तर तालिमतथागोष्ठीमा कृषक सहभागी गराउने | प्रदेशस्तर निर्देशनतथातोकिएकाआधारहरु | लक्ष्यमातोकिएको समय अनुसार | निःशुल्क | तालिमतथा प्रसार शाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ४. | आई.पी.एम. पाठशाला संचालन | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ५. | प्लान्ट क्लिनिक | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ६. | माटो परिक्षण शिविर | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | निःशुल्क | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ७. | बाली संरक्षण सेवा | कृषकको समस्याअनुसार मागनिवेदन | निवेदनदिएको ७दिनभित्र | निःशुल्क | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ८. | कृषिऔजार/उपकरण अनुदानमावितरण | कृषकको मागनिवेदनअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | परल मुल्यमा ५० देखि ७५ प्रतिशतअनुदान | तालिमतथा प्रसार शाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ९. | बिषादीविक्रेताइजाजतपत्र /नविकरण | विषादीबाट सुरक्षा र यसको भण्डारण सम्बन्धी परीक्षा उत्तीर्ण गरेको, बिषादी समितिको ढाँचा बमोजिमको आवेदनपत्र, राजश्वतिरेको भौचर,नेपालीनागरिकताको प्रमाणित प्रतिलिपी, | परीक्षालिई/ बिषादीपंजीकरण शाखा, काठमाण्डौं पठाउने ( १महिना) | रु५००।- | विशेषज्ञ सेवाशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |

सागर विष्ट
निमित्त प्रमुख ०८५/१०/०५

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पसल,स्टोर र गोदामहरु निरिक्षण प्रतिवेदन | | | | | |
| १०. | कृषिव्यवसाय प्रवर्द्धन कार्यक्रम | कार्यबिधिअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | कार्यविधिले तोके बमोजिम | विशेषज्ञ सेवाशाखा / तालिमतथा प्रसार शाखा/अध्ययन परीक्षण तथातथ्याङ्कशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| ११. | प्रधानमन्त्रीकृषिआधुनिकिकरण परियोजना ब्लक पकेट कार्यक्रम | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | कार्यविधिले तोके बमोजिम | विशेषज्ञ सेवाशाखा / तालिमतथा प्रसार शाखा,अध्ययन/ परीक्षण तथातथ्याङ्कशाखा | कृषि ज्ञान केन्द्र प्रमुख | |
| १२. | प्राङगारिक खेती प्रवर्द्धन मिसनकार्यक्रम | कार्यालयको लक्ष्यअनुसार | लक्ष्यमातोकिएको समय अनुसार | कार्यविधिले तोके बमोजिम | वशेषज्ञ सेवाशाखा, | कृषि ज्ञान केन्द्र प्रमुख | |
| १३. | वीउविजनदर्ता व्यवसायीको अनुमतीपत्रदिने/नवीकरण गर्ने | निर्दिष्ट फारम, नागरिकताको प्रमाणित प्रतिलिपी,शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, पासपोट साईजको फोटो २ प्रति,संस्थाको हकमा संस्थादर्ताको प्रमाणित प्रतिलिपी,Pan/Vatद र्ताको प्रमाणित प्रतिलिपी, संस्थाको अधिकार प्रत्यायोजन गरेको पत्र | बढीमा ६ कार्य दिन | रु ४००।- | वशेषज्ञ सेवाशाखा, | कृषि ज्ञान केन्द्र प्रमुख | |

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

परेको निवेदन उपर आवश्यक छानविन गरि कार्यालय प्रमुखबाट निर्णय हुनेछ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कृषि ज्ञान केन्द्रको कार्यालय प्रमुखको निर्णय उपर चित्त नवुझने पक्षले जिल्ला अदालतमा पुनरावेदन गर्ने र जिल्ला अदालतबाट सो निर्णय उपरको उजुरी सुन्ने कानुनी व्यवस्था छ।

०८१/१०/०५
सागर विष्ट
निमित्त प्रमुख

Scanned with CamScanner

## ९. सम्पादन गरेको कामको विवरण २०७९ कार्तिक देखि २०७९ पुस मसान्त सम्म

| क.स | प्रदान गरेको सेवा | कामको विवरण | कैफियत |
|---|---|---|---|
| १ | नविकरण तथा दर्ता | वीउ विजन ईजाजत पत्रको नविकरण(०१)तथा दर्ता (२) | |
| २ | कृषक पाठशाला | IPM कृषक पाठशाला संचालन<br>१. गौरीगंज १ (चैते धान)<br>२. मेचिनगर १३ (भिण्डी)<br>३. कचनकवल ४ (चैते धान) | |
| ३ | वाली उपचार शिविर | १. मेचिनगर न.पा. ४ मा वाली उपचार शिविर संचालन<br>२. वाह्रदशी गा.पा. ३ मा वाली उपचार शिविर संचालन | |
| ४ | अनुदानग्राही छनौट | मिति २०७९/०४/३० मा प्रकाशित सुचनानुसार आवेदकहरु को फिल्ड अनुगमन तथा मुल्याङ्कन गरि जिल्लास्थरिय अनुदानग्राही छनौट समितिद्वारा छनौट। | |

## १०. आमदामी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आर्थिक कारोवार

| बजेट शिर्षक | यस आ.व को विनियोजत बजेट | यस त्रैमासिकको आमदामी | यस त्रैमासिकको खर्च |
|---|---|---|---|
| चालु | १०८०८८०००\|०० | ६२८७\|०० | ५४७०१००\|०० |
| पुजिगत | १००००००\|०० | - | ९४५००\|०० |

## ११. कार्यालयको वेभसाईट

यस कार्यालयको वेभसाईट www.jhapa.akc.gov.np रहेको छ।

## १२. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिईएको विषय

विभिन्न पत्रपत्रिका संचारकर्मीहरु तथा सरोकार वालाहरु लाई गोप्य राख्नुपर्ने वाहेकका सूचना प्रदान गरीएको ।

*पुनश्च यस कार्यालयबाट प्रदान गरिने सेवा सम्बन्धी कुनै सल्लाह सुझाव र गुनासाहरु भए यस कार्यालयका सूचना अधिकारी कृषि प्रसार अधिकृत श्री गणेश शिवाकोटी (९८५११९२९६३) मा सम्पर्क गर्न सक्नुहुनेछ। यस कार्यालयबाट प्रदान गर्ने सेवाका लागि फोन नं. ०२३ ४५२०५६ मा सम्पर्क गर्न सक्नुहुनेछ । सेवा सम्बन्धी कुनै गुनासो भए हामीलाई पत्रचार गर्ने , उजुरी पेटिकामा उजुरी दिन वा हाम्रो ईमेल ठेगाना akcjhapa@gmail.com मा ईमेल समेत गरेर उजुरी टिपाउन सक्नुहुनेछ ।*

Scanned with CamScanner